नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# क्याफ्स कर्णाली परियोजना
# CAFS-Karnali Project

ADAPTATION FUND
WFP

मासिक बुलेटिन

बर्ष २, अंक ७, कार्तिक, २०७७

## "गाउँपालिकाको गौरवको आयोजनामा क्याफ्स - कर्णाली परियोजनाको लगानी"

यस आर्थिक बर्ष २०७७/७८ मा कालिकोट जिल्लाको पचाँलझरना गाँउपालिका वडा नं. ५ बाँजकोटमा क्याफ्स-कर्णाली परियोजना र गाँउपालिकाको सहकार्यमा तल्लोकोल्थे बहुउद्देशीय सिंचाई आयोजनाको शुरु गरिएको छ। यस गाउँपालिकाले तल्लोकोल्थे बहुउद्देशीय सिंचाई आयोजनालाई पालिकाको गौरवको योजनाको रुपमा लिएको छ। उक्त आयोजनालाई स्थानीय आयोजना समन्वय इकाई (LPCU) ले अनुमोदन गरि कार्यान्वयनका लागि सिफारिस समेत गरेको छ। साविकको राम्नाकोट गा.वि.स. को प्राथमिकतामा परेको भएपनि आर्थिक तथा प्राविधिक श्रोत साधनको अभावले यो आयोजना संचालन हुन सकेको थिएन तर हाल गाउँपालिकाको पनि सीमित श्रोत, साधन र प्राविधिक जनशक्तिको कमिका कारण यो आयोजना निर्माण हुन सकिरहेको थिएन। हाल यस पालिकामा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय र संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमको साझेदारीमा संचालित क्याफ्स-कर्णाली परियोजना संचालन भएसँगै उक्त आयोजना कार्यान्वयनका लागि करिब २२ वर्ष पछि संयुक्त रुपमा गाउँपालिकाले क्याफ्स-कर्णाली परियोजनासँग सम्झौता गरि कार्य अगाडि बढाएको छ। करिब तीन करोड पचहत्तर लाखमा निर्माण सम्पन्न गर्न दुबै पक्ष सहमत भई मिति २०७७ असोज २१ मा आयोजना निमार्णको कार्य शुरु भएको छ। जसमा गाउँपालिकाले एक करोड रकम बिनियोजन गरेको छ भने बाँकी रकम विश्व खाद्य कार्यक्रमबाट ब्यहोरिने छ। यस आयोजनाको सहजीकरण हुरन्डेक कालिकोटले गरिरहेको छ।

पचाँलझरना गाउँपालिका वडा नं. ५ बाँजकोट क्षेत्र खडेरी प्रभावित क्षेत्र हो। यहाँ मकै, कोदो, आलु, पाखो धान उत्पादन हुने भए पनि खडेरीले गर्दा स्थानीय किसानले वर्षभरि खेतबारीमा काम गरेको मेहनत गइरहेको अवस्था छ साथै उत्पादन समेत न्यून हुन्छ जसको कारण घरखर्च चलाउन तथा जीविकोपार्जनका लागि यहाँका अधिकांश पुरुषहरु कामका लागि भारतका गल्ली गल्ली र नेपालका विभिन्न क्षेत्रमा जाने गर्दछन्। तर हाल यस आयोजना संचालनमा आए पश्चात यहाँका अत्यन्त गरिब १४० घरपरिवारले प्रत्यक्ष रोजगारी पाउने भएका छन्। उनीहरु भन्छन् **"आयोजनाबाट गाउँ मै काम पाईयो, आफ्नो खेतवारीमा सिँचाइको लागि काम गर्नु छ त्यो पनि घर परिवारको रेखदेख गरेर, त्यसैले अलिकति आम्दानी भए पनि हामी खुसी छौं परदेशको काम भन्दा घरको धैरै फरक हुन्छ"**। यसरी सामाजिक संरक्षण भएको महशुस गर्ने यहाँका गरिव घरपरिवार आयोजना निर्माण प्रति क्याफ्स-कर्णाली परियोजना र गाउँपालिका प्रति खुसी छन्। यसका साथै यस आयोजनाबाट करिब ३७५ घरधुरीहरुले बहुउद्देशीय सिंचाई प्रणाली निमार्ण पश्चात लाभ लिनेछन्।

यस सिंचाई आयोजनाले करिब ५५ हेक्टर बाँझो तथा कम उत्पादनशील जमिन सिंचित गर्नुका साथै थप ४५ हेक्टर जमिन जहाँ पानीको अप्रयाप्तता छ त्यसलाई समेत सिंचाई सुविधा दिने छ। यस बहुउद्देशीय सिंचाई आयोजनाबाट धान, गँहु, कोदो, आलुका साथै स्थानीय वाली चिनो, कागुनो र अन्य मौसमी व्यवसायमा आधारित तरकारी खेतिको विकास भई खाद्य सुरक्षा हुनुका साथै दिगो आर्थिक तथा सामाजिक विकास हुने अपेक्षा लिइएको छ।

"यस सिंचाई आयोजनाले करिब ५५ हेक्टर बाँझो तथा कम उत्पादनशील जमिन सिंचित गर्नुका साथै थप ४५ हेक्टर जमिन जहाँ पानीको अप्रयाप्तता छ त्यसलाई समेत सिंचाई सुविधा दिने छ।"

### परियोजनाको संक्षिप्त परिचयः

**परियोजनाको नामः** Adapting to Climate Induced Threats to Food Production and Food Security in the Karnali Region of Nepal/ कर्णालीमा खाद्य सुरक्षाका लागि जलवायु परिवर्तन अनुकूलन परियोजना

**कार्यान्वयन अवधिः** २०१८ देखि २०२२

**मुख्य उद्देश्यः** संकटासन्न, खाद्य असुरक्षित र गरिव घरपरिवारको अनुकूलन क्षमता अभिवृद्धि गर्नु।

**आर्थिक सहयोगः** अनुकूलन कोष (Adaptation Fund)

**कार्यान्वयन गर्ने निकाय (Implementing Entity)** संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम

**कार्यकारी निकायहरु (Executing Entity):** नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय र संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम

**साझेदार गैरसरकारी संस्थाहरुः** मुगुमा ग्रामिण सामुदायिक विकास केन्द्र, जुम्लामा पेस नेपाल र कालिकोटमा हुरेन्डेक नेपाल

**कुल बजेटः** ९५२७१६० अमेरिकी डलर

**अपेक्षित लाभान्वित घरधुरीः** १३५५५





कालिकोटको पचाँलझरनामा निर्माणधीन अवस्थामा रहेको तल्लो कोल्ठे सिंचाई

## २०७७ कार्तिक महिनामा सम्पन्न मुख्य क्रियाकलापहरु

- **मुगु :**

  १. सम्पन्न क्रियाकलापहरु : १ वटा गम्ठा सिंचाई (२६६ घरधुरी लाभान्वित), ६ वटा सा. ब. उ. स. को कार्ययोजना नवीकरणमा सहयोग, ३ वटा कृषि तथा पशुपालन व्यवस्थापन सम्बन्धी स्थलगत तालिम (९१ जना लाभान्वित), लापा निमार्ण प्रकृया अन्तर्गत दुईवटा वडामा वडास्तरीय परामर्श गोष्ठी/छलफल सम्पन्न

  २. निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरु : ११ वटा सामुदायिक भौतिक पूर्वाधार सम्बन्धी क्रियाकलापहरु (४ वटा पानीको बहुउपयोगीतामा आधारित सिंचाई, १ खमालेको भू-क्षय नियन्त्रण आयोजना, २ वटा रष्टिक स्टोर, २ वटा कृषि तथा गैर काष्ठ वन पैदावार भण्डारण केन्द्र, १ वटा खानेपानी धारा, १ वटा सोलार सहितको सामुदायिक सेवा भवन)

- **जुम्ला :**


  १. सम्पन्न क्रियाकलापहरु : ३ वटा व्यवसायिक तरकारी खेती तथा असल कृषि अभ्यास सम्बन्धी तालिम (४६ कृषक लाभान्वित), १ वटा ठाडो खोला सिंचाई (८२६ घरधुरी लाभान्वित), ५८ घरधुरीका लागि कृषि तथा पशु बिमाको लागि अनुदान सहयोग (५८ घरधुरी लाभान्वित), ४७ घरधुरीमा सुधारिएको चुलो वितरण, १ पटक कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी तालिम संचालन

  २. निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरु : २ वटा पानी सकंलन पोखरी, १ वटा रष्टिक स्टोर, १ वटा कृषि तथा गैर काष्ठ वन पैदावार भण्डारण केन्द्र, ३ वटा सोलार सहितको सामुदायिक सेवा भवन, एफ एम रडियो मार्फत जलवायु परिवर्तन अनुकूलन तथा खाद्य सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि सम्बन्धी क्रियाकलाप

- **कालिकोट :**

  १. सम्पन्न क्रियाकलापहरु : कृषि तथा वनमा आधारित लघु उद्यम प्रवर्द्धन कार्यक्रम सम्बन्धि विभिन्न व्यावसायिक कृषि खेतीमा सहयोग (१६५ घरधुरी लाभान्वित), कुखुरा पालनमा सहयोग (१५९ घरधुरी लाभान्वित), १२ सा. ब. उ. स. को कार्ययोजना नवीकरणमा सहयोग

  २. निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरु : ९ वटा सामुदायिक भौतिक पुर्वाधार सम्बन्धि क्रियाकलापहरु (२ वटा पानीको बहुउपयोगीतामा आधारित सिंचाई, ३ वटा पानी सकंलन पोखरी, २ वटा सोलार सहितको सामुदायिक सेवा भवन, २वटा रष्टिक स्टोर र २ वटा नर्सरी)







जुम्ला जिल्लाको हिमा गाउँपालिकाको कुँडुमा रहेको पहिरोबाट जोखिम बस्ती (बायाँ), निर्माण गरिएको पर्खालको केही भाग (दायाँ)

**थप जानकारी तथा सम्पर्कका लागि :**

**क्याफ्स-कर्णाली परियोजना समन्वय इकाई**
वन तथा वातावरण मन्त्रालय
जलवायु परिवर्तन ब्यबस्थापन महाशाखा
सिंहदरबार, काठमाडौं
टेलिफोन नम्बरः ०१ ४२२१४३५, ४२११९९६, ४२११९९७
वेवः www.mofe.gov.np

**संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम**
नेपाल केन्द्रिय कार्यालय
चाकुपाट, पाटनढोका सडक, ललितपुर, नेपाल
टेलिफोन नम्बरः ०१ ५२६०६०७